# स्थानीय राजपत्र

## दोधारा चाँदनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड : ६, संख्या : ३, कार्तिक ०४ गते, २०७९ साल

**भाग-२**


### अल्पकालीन नगर सेवा केन्द्र संचालन सम्बन्धी कार्यविधि २०७७

१. भुमिकाः

लैङ्गिक हिंसा सामाजिक चिन्ताको विषय बनिरहेका छ । लैङ्गिक हिंसाबाट प्रायः महिलाहरु नै प्रभावित हुने गरेका छन् । कतिपय प्रभावित महिला एक्कासी घरबाट निकालिने गरेको र कही कतै थात-बास नपाएर झन जोखिममा पर्नु परेको अवस्था पनि छ । आफन्त भन्दैमा महिलाले



प्रताडित हुनु पर्ने स्थिति कदापी हुनु हुदैन । महिला हिंसा विरुद्ध शुन्य सहनशिलता हुनुपर्दछ ।  महिला स्वयंमले परिवारका सदस्यले अनि समुदायका सबैले अन्यायको प्रतिकार गर्नुपर्दछ । सँगसँगै प्रभावित महिलालाई तत्काल संरक्षण गर्ने न्याय दिलाउने र उनको पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन तर्फ पनि त्यतिकै ध्यान दिनुपर्ने भएको छ । घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ तथा सो को नियमावली २०६७ ले गरेको व्यवस्था अनुसार माहाकाली नगरपालिकाले आफनो कार्यक्षेत्र भित्र घरेलु हिंसा र लैंगिक हिंसाबाट पिडित महिलाहरु र बालबालिकालाई तत्काल अल्पकालिन आश्रय सहित अन्य सेवा र सुविधा पुर्‍याउनको लागि यो अल्पकालिन नगर सेवा केन्द्र सञ्चालनका कार्य क्षेत्रगत शर्तहरु तयार गरी लागु गरेको छ ।

२. उद्देश्य :

महिला संस्थाहरुको समन्वयमा निरोधात्मक सामाजिक जागरण ल्याउनुका साथै हिंसा प्रभावित महिला र बालबालिकाका लागि छिमेकी सहयोग एवं समुदाय देखि नै सदरमुकाम सम्मका यथाशक्य उपचारात्मक सेवाहरु सुलभ गराएर न्याय दिलाउनु अल्पकालिन आश्रय सहितको नगर सेवा केन्द्रको उद्देश्य हो ।

३. परिभाषा :

क."घरेलु हिंसा" भन्नाले कुनै व्याक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्याक्तिलाई दिएको शारिरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्दछ ।

ख. लैङ्गिक हिंसा भन्नाले सार्वजानिक वा निजी जीवनमा लिंगका आधारमा कसै प्रति शारिरिक यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनुपर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा पीडा पुर्‍याउने कार्य सम्झनु पर्दछ । र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारका अपमानजन्य, पीडाजन्य वा धम्कीपुर्ण

छ) कार्यक्षेत्र बाहिरका प्रभावित पिडित महिला र बालबालिकालाई सेवा केन्द्रमा बस्ने अनुमती प्रदान गर्न ।

ज) कानुन बमोजिम सेवा केन्द्रलाई कुनै थप जिम्मेवारी दिने कार्यका लागि समेत नगर समन्वय समितिले निर्णय गर्नुपर्नेछ ।

झ) यस निर्देशिकामा भएका व्यवस्थाहरु घरेलु हिंसा निवारण ऐन २०६६, नियमावली २०६७ र अन्य कुनै प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०३/१०

आज्ञाले
गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत



१३. निर्देशन समिति :

सेवा केन्द्रको सञ्चालनमा मार्गदर्शन प्रदान गर्न प्रदत्त सेवाहरुको गुणस्तर सुनिश्चित गर्न र विभिन्न सेवा -प्रदायक वीच सहकार्यलाई बढावा दिन, समय समयमा सेवा केन्द्रको अनुगमन गरी सेवा प्रदायकलाई जिम्मेवारपूर्ण बनाउन समेत समन्वय समितिबाट देहाय बमोजिमको एक निर्देशन समिति गठन गरिनेछ ।

- सामाजिक विकास समितिको संयोजक -संयोजक
- स्वास्थ र शिक्षाका अधिकृत प्रतिनिधि २ जना -सदस्य
- महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य
- महिला अधिकारकर्मी,सञ्चारकर्मी लैङ्गिक हिंसा विरुद्ध कार्यरत गैसस बाट समन्वय समितिले मनोनयन गरेका तिन जना -सदस्य
- सेवा केन्द्र सञ्चालक महिला संस्थाका अध्यक्ष -सदस्य सचिव
- निर्देशन समितिको बैठक प्रत्येक चौमासिकमा बस्नेछ ।

दफा १२ बमोजिम गठित समन्वय समितिको काम कर्तव्य अधिकार

क) यस कार्यविधिमा भएका व्यवस्थाहरुलाई समयानुकुल बनाई लैजानुपर्ने र परिमार्जन गर्नुपर्ने भएमा प्रचलित ऐन कानुनको आधारमा रहेर परिमार्जनगर्न।

ख) यस निर्देशिकामा भएको व्यवस्था अनुरुप दिनुपर्ने स्वास्थ्य सेवा ,कानुनी उपचार जस्ता विषयमा तोकिए भन्दा बढी रकम निकासा गर्न ।

ग) सेवा केन्द्रको शैया संख्या लगायत अन्य गुणस्तर हेरफेर गर्न

घ) सेवा केन्द्र बस्ने घरको स्वीकृति प्रदान गर्न ।

ङ) मनोविमर्शकर्ताको योग्यता निर्धारण गर्न ।

च) स्वास्थ्य उपचारका लागि अस्पतालको छनोट गर्न ।

व्यवहार, दवाव करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

ग "समन्वय समिति" भन्नाले यस निर्देशिकाको दफा १२ बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

घ. "निर्देशन समिति" भन्नाले यस निर्देशिकाको दफा १३ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

४. कार्यक्षेत्र :

स्थानिय समन्वय समितिले अन्यथा तोकेकोमा बाहेक सुरक्षित अल्पकालिन नगर सेवा केन्द्रको कार्यक्षेत्र हालको माहाकाली नगरपालिका कार्यक्षेत्र हुनेछ ।

५. कार्य जिम्मेवारीः सुरक्षित अल्पकालिन आश्रय सहितको नगर सेवा केन्द्रहरुको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ :

क) निर्धारित प्रक्रिया सम्प्रेषित प्रभावित महिलाका लागि स्विकृत मापदण्ड मुताविकको बस्ने खाने व्यवस्था भएको सुरक्षित अल्पकालिन आश्रय सञ्चालन गर्ने ।

ख) खण्ड क बमोजिम आरक्षित महिलाले निजको अवस्था अनुसार स्थानिय स्तरमा नै प्राप्त गर्नुपर्ने निम्नलिखित सेवाहरु प्रदान गर्ने :

- लागेको चोटपटकको औषधौपचार
- मनोसामाजिक विमर्श
- न्यायमा पहुँच दिलाउन आवश्यक कानुनी परामर्श एवं सेवा
- कानुन कार्यान्वयन गर्ने निकायहरुसँग सम्पर्क र सेवा
- समन्वय समितिले तोकेका अन्य सेवा

(ग) गम्भीर प्रभावित घटना भएको वा पारिवारिक मेलमिलाप हुन नसकेको खण्डमा प्रभावित महिलाहरुलाई तत्काल संरक्षणमा लिएर आवश्यकता अनुसार खण्ड (ख) बमोजिम सेवा प्राप्त गर्ने ।



(घ) सुरक्षित आश्रय आवश्यक नपर्ने तर खण्ड (ख) मा उल्लेखित सेवा आवश्यक परे निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाको हकमा पनि आवश्यक सेवा दिने ।

(ङ) सेवा प्राप्त प्रभावित महिलालाई हकभोक, पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनः स्थापनाका लागि संप्रेषित प्रभावित महिलाको हकमा पनि आवश्यक सेवा दिने ।

(च) स्थानीय स्वास्थ केन्द्रमा उपचार हुन नसक्ने चोटपटक भएमा, जटिल मनोसामाजिक समस्या भै थप मनोसामाजिक विमर्श आवश्यक परेमा, कानुनी उपचार चाहेमा सेवा केन्द्र सञ्चालन गर्ने संस्थाले माहाकाली नगरपालिकामा अनुरोध गर्ने ।

(६) फिर्ता सम्प्रेषित प्रभावित महिलाको अवस्था अनुसार हकभोग,पारिवारिक पुनर्मिलन तथा घटनाको पुनरावृत्ति नहोस् भनि अनुसरण लगायन यथाशक्य सहजीकरण गर्ने ।

(ज) स्थानीय तहका निगरानी समुह,समिति,महिला सहकारी संस्था अन्य संस्थासँग निरन्तर सम्पर्क समन्वय गर्ने ।

(झ) विभिन्न सेवामा प्रभावित महिलाको पहुँच स्थापना गर्न स्थानीय सेवा-प्रदायक माझ अधिवाचन एवं सञ्जालीकरण गर्ने ।

(ञ) सरोकारवाल निकायहरु, महिला संस्था समितिहरुको सहकार्यमा विभिन्न कार्यक्रमका माध्यमबाट घरेलु ज्यादती विरोधी सामाजिक जागरुकता बढाउने।

(ट) सेवा केन्द्रको मासिक, चौमासिक र वार्षिक भौतिक एवं वित्तिय प्रगति प्रतिवेदन तयार गरी महिला तथा बालबालिका शाखा र स्थानीय न्यायिक समितिमा समेत पेश गर्ने ।

(ठ) लैङ्गिक हिंसाको रोकथामका लागि घटना घटिहालेको खण्डमा छिमेकीको नाताले प्रभावित महिलाको पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने ।

(ङ) फुटकर : अल्पकालिन आश्रयमा रहेको दिन जति प्रभावित महिलालाई मात्र फुटकर खर्च वाफत प्रतिव्यक्ति दैनिक रु १५

(च) फिर्ता सम्प्रेषण : फिर्ता सम्प्रेषण गर्दा साथी समेतको मित्तव्ययी सवारी साधनका भाडा तथा एकदिन पुगिनेमा खाजा खर्च वाफत प्रतिव्यक्ति दैनिक रु ५०। र बास बस्नुपर्नेमा बस्ने खाने खर्च वाफत प्रतिव्यक्ति रु २००।-

(छ) खानेकुरा : अल्पकालीन आश्रयमा रहेको अवधीभरी प्रभावित महिला र साथी समेतको खानेकुरामा प्रतिव्यक्ति दैनिक रु २००।-

(ज) मनोसामाजिक विमर्श : प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु १०००।- सम्म ।

(झ) लुगाफाटो : प्रभावित महिलाका कपडा च्यातिएर रगताम्य भएर वा एकसरो मात्र भएकोमा न्युनतम रुपमा नभइ नहुने अत्यावश्यक लुगाफाँटा किन्ने प्रतिव्यक्ति रु १०००।- सम्म ।

(ञ) जिविकोपार्जन अनुदान : माथि ५ (ढ) मा उल्लेखित अवस्थामा जिविकोपार्जन अनुदान वाफत प्रति प्रभावित महिला परियोजना हेरी रु १५०००।- ननाघ्ने गरी निर्देशन समितिले उपलब्ध स्रोत समेतको विचार गरी स्विकृत गरेको रकम सम्म ।

(ट) व्यवस्थापन खर्च : जनशक्ति, प्रतिवेदन, सञ्जालीकरण, समीक्षा र केन्द्रका गतिविधि समेतका खर्च वाफतका लागि बढीमा रु एक लाख बीस हजार  ननाघ्ने गरी पुस्ट्याइँका आधारमा औचित्य समेत हेरी समन्वय समितिले स्विकृत गरेको एकमुष्ट रकम

(ठ) बैठक खर्च : निर्देशन समितिको बैठक सञ्चालन खर्च वाफत वार्षिक अधिकतम रु ४५०००।-मात्र

११. भुक्तानी : सेवा केन्द्रको खर्च सम्झौता भएपछि निर्देशन समितिले निर्णय गरी माग गरेको आधारमा देहाय बमोजिम भुक्तानी गरिनेछ ।



(क) माथि ९ (क) मा उल्लेखित घरभाडा वाफतको रकमा मासिक र १० (ठ) मा उल्लेखित बैठक सञ्चालन खर्च वापतको रकम चौमासिक किस्तामा

(ख) माथि १० (ख) मा उल्लेखित खप्ने मालसमान वाफतको रकम सुरुमा एकमुष्ट ।

(ग) माथि १० (ट) मा उल्लेखित व्यवस्थापन खर्च वाफतको रकम मासिक किस्तामा

(घ) सेवा सञ्चालनको प्रयोजनका लागि एक महिनाको व्यवस्थापन खर्च बराबरको रकम सुरुमै

(ङ) प्रभावित महिलालाई प्रदत्त सेवाको खर्च प्रत्येक महिना व्यतित भए पछि पेश गरेको प्रगति र खर्चको फाँटवारी तथा सोको पृष्टि गर्ने कागजातका आधारमा शोधभर्ना स्वरुप ।

१२. समन्वय समितिः नगरपालिकाको नगर प्रमुखको अध्यक्षतामा देहाय बमोजिम स्थानीय समन्वय समिति गठन गर्नेछ ।

अध्यक्ष : नगर प्रमुख

सदस्य : नगर उपप्रमुख

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्यः संयोजक सामाजिक विकास समिति

सदस्य : जनस्वास्थ शाखाको प्रमुख

सदस्य : नगरपालिका स्थित प्रहरी कार्यालयका प्रमुख

सदस्य : सामाजिक विकास शाखा प्रमुख

सदस्य : गै.स.स. महिला अधिकारकर्मी १ जना

सदस्य सचिव : महिला तथा बालबालिका शाखा प्रमुख

- समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ड) प्रचलित कानुन बमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गर्नुपर्ने कार्य, सुरक्षित राख्नु पर्ने प्रमाण र उपचारका बाटाबारे प्रभावित महिलालाई परामर्श दिनुका साथै आवश्यकता अनुसार त्यसमा मदत गर्ने ।

(ढ) पारिवारिक पुनर्मिलनका प्रयत्न फलदायी नभएका तथा गरिखाने आधार केही पनि नभएका प्रभावित महिलाको हकमा जीविकोपार्जनका लागि अनुदानका रुपमा आर्थिक सहायत दिने ।

(त) सेवा केन्द्रको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई स्थानीय समन्वय समितिले तोकेका अन्य कार्य गर्ने ।

६. सेवा लिने प्रक्रिया/ सम्प्रेषण

(क) पिडित महिलाको मोखिक वा लिखित निवेदन ।

(ख) सेवा केन्द्रको कार्यक्षेत्र भएका महिला संस्था वा अर्न्तगतको समितिको तर्फबाट सिफारिस भै आएको ।

(ग) खण्ड (ख) उल्लेखित समिति, संस्था नभएका कार्य क्षेत्रका हकमा केन्द्रसँग समन्वयमा कार्य गरेको सामुदायिक संस्था तर्फबाट ।

(घ) विभिन्न सरकारी तथा गैरसरकारी सेवा प्रदायकको तर्फबाट

(ङ) कार्यक्षेत्र बाहिरका प्रभावित महिलाको हकमा स्थानीय समन्वय समितिको विशेष निर्णयका आधारमा महिला तथा बालबालिका शाखाका तर्फबाट।

सम्प्रेषकका तर्फबाट सेवा केन्द्रमा सिफारिस गर्दा कुन-कुन सेवाका लागि हो ? जनाउनु पर्दछ र प्रभावित महिला सँगै बालबालिका पनि भए उनीहरुको विवरण समेत खुलाउनु पर्दछ । सम्प्रेषण गर्दा वा फिर्ता सम्प्रेषण गर्दा प्रभावित महिलालाई एक्लै पठाउनु हुँदैन । समान्यतया एक जना र गम्भीर चोटपटक लागेको भए दुईजनासम्म साथ लगाएरु पठाउनुपर्दछ । साथै साथी दिई पठाएका व्याक्तिका विवरण समेत सम्प्रेषण गर्दा खुलाउनु पर्दछ ।



७. अवधिः

प्रभावित महिलाका हकमा सेवा केन्द्र अर्न्तगत १५ दिन सम्म र विशेष अवस्था परी स्थानिय समन्वय समितिले विशेष निर्णय गरेकोमा थप १५ दिन गरी जम्मा ३० दिन सुरक्षित अल्पकालीन आश्रयमा राख्न सकिने छ ।

सेवा केन्द्र अर्न्तगतको सुरक्षित अल्पकालीन आश्रयमा प्रभावित महिलालाई माथि उल्लेखित अवधिसम्म एकैपल्ट वा पटक-पटक गरेर पनि राख्न सकिनेछ।

८. अल्पकालीन नगर सेवा केन्द्रका लक्षित वर्ग :

अल्पकालिन नगर सेवा केन्द्रमा घरेलु हिंसा तथा लैङ्गिक हिंसा पिडित तथा पिडितसँग आश्रित नाबालकको आश्रय लिन सक्नेछन् ।

९. न्युनतम् मापदण्ड :

अल्पकालीन सेवा केन्द्रको न्युनतम मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) परिसर : आवासगृह परिसर देहायबमोजम हुनुपर्दछ ।

- चारैतिर झट्ट हेर्दा कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको
- हाता भित्र गृह अनुसारका खुल्ला ठाउँ रहेको
- आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्धार भएको र
- सुरक्षाको दृष्ट्रिकोणले उपयुक्त स्थान

(ख) आवास गृह

आवास गृह देहयको सुविधा सम्पन्न हुनुपर्दछ ।

- दुवैपट्टी झ्याल राखिएका हावा खेल्ने कोठाहरु
- एक जना भए प्रतिव्यक्ति ६४ वर्ग फिट र दुई वा बढी भए प्रतिव्यक्ति ५० वर्ग फिट क्षेत्रफल भएका कोठाहरु

अल्पकालीन सेवा केन्द्रमा सेवा लिने पीडितको गोपनियता कायम राख्ने ।

(झ) जनशक्ति

केन्द्रमा महिलालाई प्राथमिकता दिई देहाय बमोजिमको पुरै प्रशिक्षित जनशक्ति हुनुपर्दछ ।

- केन्द्र प्रमुख एक जना,चौकीदार एकजना र भान्छे आंशिक समय सरसफाइकर्मी आवश्यकता अनुसार
- मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकार भनेका बेला उपलब्ध हुने गरी सम्पर्कमा

(ञ) अभिलेख

केन्द्रले देहाय बमोजिम अभिलेख राख्नुपर्दछ ।

- प्रभावित महिलाको नाम दर्ता किताब ।
- संरक्षित व्याक्तिका दैनिक हाजिरी किताब ।
- प्रभावित महिलाको व्याक्तिगत गोप्य फाइल ।
- दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पृष्टि गर्ने कागजात
- निर्देशन समितिको निर्णय किताब
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवा पिच्छे लगातार प्रगति प्रतिवेदन अनुसरण रेकर्ड ।
- समन्वय समितिले तोकेका अन्य अभिलेख

१०. खर्चका मानाक

सेवा केन्द्रबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहाय बमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ ।



(क) घरभाडा : केन्द्रका साथै सुरक्षित अल्पकालीन आश्रयका लागि लिइने घरका भाडा बाफत साधारणतया वार्षिक रु १,५०,०००।- ननाघ्ने गरी समन्वय समितिले घर हेरी स्विकृत गरेको रकम

(ख) मालसमान : डसना, पर्दा खाट विस्तारा भाडाकुडा,टेलिभिजन खातापाता, लगायतका स्थापनाका लागि आवश्यक थप्ने मालसमान मध्ये हाल फेर्नु वा थप गर्नुपर्ने भए शैया क्षमता समेतको विचार गरी साधारणतया रु ५०००० (पचास हजार) ननाघ्ने गरी समन्वय समितिले औचित्यका आधारमा स्विकृत गरेको रकम ।

(ग) औषधोपचारः समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा विरामी तथा कुरुवा समेत जोडे निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सुरक्षित अल्पकालीन आश्रय भै बसी उपचार गराउँदा अस्पताल आतेजाते मित्तव्ययी सवारी साधनका साथै परिभाषा तथा औषधी खर्च बापत जम्मा रु २,००० सम्म ।
- अस्पतालमै भर्ना भई उपचार गराउदा पुर्‍याउँदा र ल्याउँदा लागेको मित्तव्ययी सवारी साधनको भाडा परिक्षण तथा औषधी खर्चका अत्तिरिक्त ५ दिनसम्म खाने खर्च वाफत विरामी र एकजना कुरुवा का लागि प्रतिव्यक्ति प्रतिदिन रु ३००।- गरी जम्मा रु ०० सम्म विशेष अवस्थामा समन्वय समितिले विशेष निर्णय गरेकोमा थप रु ४०००।- सम्म

(घ) कानुनी उपचार : एकजना साथी समेत अड्डा अदालत आतेजाते मित्तव्ययी सवारी साधनका भाडा कानुनी दस्तुर र सेवा सहयोगी समेतको वाफत निम्नअनुसारका सीमा ननाघ्ने गरी लागेको यर्थात खर्च

- समान्य अवस्थामा प्रतिव्यक्ति रु १५००।- सम्म
- विशेष अवस्थामा समन्वय समितिले विशेष निर्णय गरेकोमा थप रु २५००।-सम्म
- 

- प्रत्येकका लागि छुट्टाछुट्टै खाट
- प्रभावित बालबालिकाका लागि अलग्गै बालमैत्री कोठा
- भुँइमा उपयुक्त दच्छेता, झ्यालमा पर्दा भएको लेखापढी गर्न आवश्यक फर्निचर
- मनोसामाजिक विमर्श (psycho-social counseling) का लागि छुट्टै कक्ष
- मनोरञ्जन अन्तरक्रिया र आमोद प्रमोदका लागि साझा कक्ष (commomn - room)
- शौचालय तथा स्नानकक्ष
- साझा टेलिफोन र टेलिभिजन सुविधा उपलब्ध भएको
- ठाउँ हेरी पंखा हिटर
- स्रोत हेरी प्रयाप्त पानी
- नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री ,भाँडाकुँडा, कुच्चो, फोहोर सङ्कलन टोकरी लुगा सुकाउने डोरी इत्यादि ।
- तल्ला पिच्छे अग्नि नियन्त्रण उपकरण र
- सुरक्षका लागि आश्यकता अनुसार पालेपहरा

(ग) आश्रय स्थलको अवस्था

भर्ना भएका प्रत्येक व्याक्तिका लागि देहायमा उल्लेखित सुविधा बराबरको व्यवस्था हुनुपर्दछ ।

- दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोल समेत एक-एक थान ओड्ने ओछ्यानको विस्तरा ।
- एक-एक जोर चप्पल र
- नभएका लाई एकसरो लगाउने लुगा

(घ) खानेकुरा : दैनिक खानेकुराको व्यवस्था निर्दशन समितिले तोके बमोजिम केन्द्रभित्र वा बाहिरका भोजनालयबाट व्यवस्था गर्ने गरी देहय बमोजिम हुनुपर्दछ ।

- बिहान चियासँगै हल्का खाजा
- दिउँसो खाना
- अपरान्ह पुर्ण खाजासँगै चिया
- बेलुकी खाना
- मांसाहारीका लागि सातामा दुईपल्ट माछामासु तथा शाकाहारीका हकमा सोको मुल्य बराबरी दुध दही फलफुल
- उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी
- बालबालिकाको हकमा उमेर अनुसार आवश्यक खाना

(ङ) स्थास्थ्योपचार

स्थानीय समन्वय समितिको तोकेको अस्पतालमा संरक्षणमा लिइएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सुनिश्चित गनुपर्दछ।

- प्राथमिक उपचार बाकस
- समस्या हेरी नियमित उपचार
- आकस्मिक उपचार
- बालबालिकाका हकमा उमेर अनुसार लगाउनु पर्ने खोप

(च) मनोसामाजिक विमर्श :

स्थानीय समन्वय समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (counceler) बाट देहाय बमोजिमको मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ ।

- संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा ।
- संरक्षित व्यक्तिका मनोदशा हेरी थप आवश्यक सेवा
- सेवाग्राहीको व्याक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था

(६) कानुनी सेवा

देहायमा उल्लेखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ:

- प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा
- प्रभावित महिलाले प्रचलित कानुन बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा

(ज) सञ्चालन

केन्द्रका सेवाहरुको सञ्चालन गर्दा देहायका व्यवस्था पालना गनुपर्दछ।

- प्रभावित महिलालाई ममतामय, सहानुभुतिपुर्ण व्यवहार सुनिश्चितता का लागि लिखित आचार संहिता
- प्रभावित महिलाको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै ईच्छा विपरितको कुनै पनि कार्यमा प्रतिबन्ध ।
- आवास गृहमा भेटघाट कक्ष भन्दा उता बस्ने अनुमति प्राप्त चिकित्सक, सरसफाइकर्मी लगायतका अत्यावश्यक व्याक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश निषेध ।
- निर्देशन समितिले तोके बमोजिम खोल्ने गरी आवास गृहमा उजुरी पेटिकाको व्यवस्था ।